# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिबेदन

## Report on Child Marriage Prevalence Survey

हिमा गाउँपालिका, जुम्ला

**HimaRural Municipality, Jumla**

**December 2023**

Until we are all equal

**Plan International Nepal**

**Hima Rural Municipality, Jumla**

**Collaborative Actions for Dignity (CAD)**

बिषयसूचि (**Contents**)

शब्दावलीतथापरिभाषा ........ ३
कृतज्ञता ........ ४
साराँश(Summary) ........ ५
एकाइ१:परिचय(Introduction) ........ ८
१.१पृष्ठभूमि ........ ८
१.२परियोजनाकोपरिचय ........ ८
१.३सर्वेक्षणकोउद्देश्य ........ ९
एकाइ२:सर्वेक्षणक्षेत्ररविधि (Methodology) ........ १०
२.१गाउँपालिकाकोपृष्ठभुमि ........ १०
२.२अध्ययनडिजाइन, अध्ययनक्षेत्र, अध्ययनसहभागीहरू ........ १०
२.३नमूनाछनौटप्रक्रियारनमूना ........ १०
२.४तथ्याङ्क सङ्कलनविधि ........ १२
एकाइ३:तथ्यांकविश्लेषणरसारहरु (Data Analysis and Findings) ........ १४
३.१बिवाहगर्नेकानुनीउमेरबारेजानकारी ........ १४
३.२बालबिवाह ........ १५
३.२.१नगरपालिकामाबालबिवाहकोअवस्था ........ १५
३.२.२बिवाहकोप्रकार ........ १८
३.२.३बिवाहदर्ताकोचलन ........ १९
३.२.४बिवाहहुँदारबिवाहपछिकोशैक्षिकअवस्था ........ २०
३.२.५गर्भावस्थारबालबच्चाकोविवरण ........ २२
३.२.५बालबिवाहकोअवस्थारकारणहरूकोजानकारी ........ २२
३.२.६बालबिवाहकोअन्त्यगर्नसम्भावितउपायहरु ........ २४
३.२.७बालबिवाहलेपार्नेनकारात्मकअसरहरुकोजानकारी ........ २५
३.२.९बालबिवाहकानुनीप्रावधानतथापरिणामसम्बन्धीजानकारी ........ २५

३.२.१०बालबिवाहकाघटनाहरूकोरिपोर्टगर्नेसंयन्त्रकोबारेमाज्ञान ......... २६

३.२.११बालबिवाहउन्मूलनकोलागिसमुदायमाकस्कोभूमिकारहन्छ........ २७

३.२.१२बालबिवाहउन्मूलनकोलागिसमुदायमाकामगर्नेसँघसस्थाहरुकोजानकारी ............................................................२८

एकाइ४निष्कर्षरसुझाव (Conclusion and Recommednation)............. २९

४.१निष्कर्ष........................................................... २९

४.२सुझाव............................................................. ३१

## शब्दावली तथा परिभाषा

**बाल बालिका :** संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

**बालविवाह :**सामान्य अर्थमा "बाल विवाह" भन्नाले कानुनले तोकेको उमेर नपुगी वा बाल्य अवस्थामा गरिने विवाह हो । विभिन्न देशहरूको कानुनले आ–आफ्नो राष्ट्रिय परिप्रेक्ष्य अनुसार विवाह गर्ने उमेर तोकेको हुन्छ । नेपालको सन्दर्भमा एक वा दुवैजनाको उमेर २० बर्षभन्दा मुनिको विवाह बालविवाह हुन्छ । नेपालमा बालबालिकाको परिभाषा अन्तर्गत तोकिएको उमेर (१८ वर्ष) र बालविवाहको लागि तोकिएको उमेर (२० वर्ष) फरक फरक रहेको छ । यसर्थ, नेपालको सन्दर्भमा 'बाल विवाह' भन्नाले नेपालको प्रचलित कानुन अनुसार २० बर्षभन्दा कम उमेरमा गरिने विवाह हो ।

## कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वलः बालबिवाह, छिटो हुने बिवाह र जवरजस्ति गरिने बिवाह रोकथाम (NORAD) परियोजना बर्दिया कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा पालिकामा बालबिवाह रछिटो हुने बिवाहको चलन सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई ईकाईका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ।परियोजनाको कार्यान्वयन साझेदारहरू आत्मसम्मानका लागि सहकार्य नेपाल (क्याड नेपाल) ले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (RoW) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), हसरत अली (अनुगमन मूल्याङ्कन अनुसन्धानसंयोजक) लगायत अजय महरा र दल बहादुर विश्वकर्मा (क्याडनेपाल) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोले वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं। यो सर्वेक्षण गर्नप्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धेरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छतसर्थ यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई म धन्यवाद दिन चाहन्छौं।

कृष्ण श्रेष्ठ
प्लान ईन्टरनेशनल नेपाल
अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई ईकाई

# सारांश(Summary)

कर्णाली प्रदेशमा अन्तर्गत जुम्ला जिल्लाको हिमागाउँपालिकामा बाल बिवाह व्यापकता दर सम्बन्धी एक सर्वेक्षण २०७९मसिर२७ देखि २०८०मसिर२६ सम्मको एक वर्ष भित्र बिवाहभएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । समग्रमा, ६५ प्रतिशत महिला र ३५ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ९० प्रतिशत ब्राह्मण/क्षेत्री र १० प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । यसरीनै उमेरगत रुपमा, ३७ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ५२ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, ७ प्रतिशत उत्तरदाता ६१ वर्ष वा सो भन्दा माथिका थिए।कुल मिलाएर, ८६ (महिला ५६ र पुरुष ३०) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो ।

## सर्बेक्षणको सार

यो अध्ययनमा सहभागि भएका ८६ घरपरिवार मध्य समग्रमा ४१ प्रतिशत सहभागिलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो ।समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका (४१प्रतिशत) मध्ये २४.५ प्रतिशत महिला तथा १६.५ प्रतिशत पुरुषहरुलाई मात्र बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो ।

यस पालिकाको विगत चार बर्षको तथ्याङ्क विश्लेषण गरी हेर्दा सन् २०२० मा ७६ प्रतिशत, सन् २०२१ मा ७० प्रतिशत, सन् २०२२ मा २५ प्रतिशत बाल बिवाहको दर रहेकोमा हाल सन् २०२३ मा २२ प्रतिशतमा झरेको पाईयो जुन अझै बाल बिवाह मुक्त घोषणा गर्न तोकेको दर भन्दा बढी नै हो । तरबाल बिवाहको दर सन् २०२० को तुलनामा उल्लेख्य रुपमा घटेको पाईएको छ ।

सन् २०२३ मा ७ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने १५ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ । जम्मा बिवाह भएको मध्ये ५ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने ११ प्रतिशत महिलाहरुको र ४ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो ।

जातिगत रुपमा तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी १५.५ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो भने ६.५ प्रतिशत दलित समुदायमा भएको पाईयो ।

सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये १०० प्रतिशत नै आफैले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह र छीटो बिवाह गरी दिएको घटना पाईएन । बाल बिवाह र छीटो बिवाह मध्ये ७४ प्रतिशत महिलाको र बाँकि २६ प्रतिशत पुरुषहरुले आफै बिवाह गरेको पाईयो ।

२० वर्ष उमेर पछि बिवाह भएको (१२७) मध्ये जम्मा २८ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जस्मा १७ प्रतिशत पुरुषहरुको बिवाह दर्ता भएको देखियो भने महिलाहरुको हकमा ११ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो ।

बिवाह अघि करिब १६२ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ९(६ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर १५३ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो ।

सन् २०२३ मा बाल बिवाह भएका महिलाहरु मध्ये २७ प्रतिशत बाल बिवाह गर्नेहरु महिलाहरु गर्भवती भएको पाईएको छ ।

७४ प्रतिशत सहभागिले हाल पनि यस बाल बिवाहको चलन बिध्यमान रहेको बताए भने १४ प्रतिशतले बाल बिवाहको चलन नरहेको बताएका छन भने बाँकि १२ प्रतिशत सहभागिहरुले आफूलाई थाह नभएको बताएका छन् ।

५९ प्रतिशत उत्तरहरु सामाजिक परम्परा भएकोले,२६ प्रतिशत उत्तरहरु आफै भागेर बिवाह गर्ने गरेकोले, ५२ प्रतिशत उत्तरहरु गरीबीको कारणले र १९ प्रतिशत उत्तरहरु अशिक्षित वा नजानेर जस्ता कारणले यस समुदायमा हाल पनि बालबिवाह र कम उमेरमा बिबाह हुने गरेको बताएको छ ।

६२ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५० प्रतिशत उत्तरहरु कडा कानुन लागु गरेर,४२ प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर,१३ प्रतिशत उत्तरहरु समुदायमा रोजगारीको अवसर सृजना गरेर बालबिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सक्ने बताएको छ भने१३ प्रतिशत उत्तरदाताहरुले आफुलाई थाहा नभएको उत्तर दिएको छ ।

८३ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने वा पढाई छोड्ने, ५९ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने र ४५ प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने जस्ताबालबिवाह र कम उमेरमा हुने बिबाहको नकारात्मक असरहरु हुने बताएकाछन् ।

५२ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीलेबिवाह गर्नु हुदैनवा गराउनु हुदैन,३५ प्रतिशत उत्तरहरु बिवाह दर्ता नहुने, २७ प्रतिशत उत्तरहरु स्वत बिवाह बदर हुने र १६ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) भन्ने जानकारी भएको पाईयो ।मात्र २% (२ जना) लाई मात्र चारवटै बालबिवाहको कानुनी प्रावधानको बारेमा जानकारी भएको पाईयो ।

सबै भन्दा बढी ५५ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ३४ प्रतिशत उत्तरहरु पुलिसमा,१७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा,५ प्रतिशत उत्तरहरु निगरानी समूहमा र १० प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ । २१ प्रतिशत उत्तरदाताहरुलाई यस विषयमा थाहा नभएको पाईएकोछ ।

कुल उत्तरदाता (८६) मध्ये ५९ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भनेले २९ प्रतिशत प्रतिक्रियाहरू बाल क्लब र सँजालले,१९ प्रतिशत प्रतिक्रियाहरू परिवारले, २२ प्रतिशत प्रतिक्रियाहरू युवा क्लब र सँजालले,र १६ प्रतिशत बालबालिका आफैले पालिकालेसमुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् ।

## सुझाबहरु

बाल बिवाहको चलन भएको वडाहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरु तथा पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ । साथै बाल बिवाहको चलन बढी भएको समुदायहरु जस्तै ब्राम्हण क्षत्री समुदाय भएको गाउँहरुमा तथा महिलाहरुको बाल बिवाह बढी देखिएकोले विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहभै सकेका बाल बालिकाहरुलाई लक्षित गरी बाल बिवाह भएता पनि ढिलो गर्भवति हुने वा ढिलो बच्चा जन्माउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

सन् २०२३ अवधिमा ८६ घरपरिवार मध्य समग्रमा ४१ प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा जानकारी भएको पाईयो । यसर्थ यो समुदायमा अभिभाबक लगायत बाल बालिकाहरु सबैलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा जनचेतना जगाउँनु पर्ने देखिन्छ ।

साथै जम्मा बाल बिवाह भएका मध्ये १०० प्रतिशत आफैले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई लक्षित गरेर बाल बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर पछि बिवाह भएको (१२७) मध्ये जम्मा २८ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो भने यो दर महिलाहरुको पुरुषहरुको तुलनामा कम पाईयो तसर्थ बिवाह भएका सबैको बिवाह दर्ताको लागि वडा कार्यालयहरुसँग मिलेर बिवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।

बिवाह अघि करिब १६२ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ९(६ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर १५३ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो ।तसर्थ बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल बिवाह  पश्चात शिक्षाबाट बन्चित हुने कुराको जनचेतना जगाउँनु पर्ने देखिन्छ ।

सन् २०२३ मा बाल बिवाह भएका महिलाहरु मध्ये २७ प्रतिशत बाल बिवाह गर्नेहरु महिलाहरु गर्भवती भएको पाईएको छ जुन धेरै हो यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको जनचेतना पुर्याउनु पर्ने देखिन्छ ।

६२ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५० प्रतिशत उत्तरहरु कडा कानुन लागु गरेर,४२ प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर,१३ प्रतिशत उत्तरहरु समुदायमा रोजगारीको अवसर सृजना गरेर बालबिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सक्ने बताईन् भने१३ प्रतिशत उत्तरदाताहरुले आफुलाई थाहा नभएको बताईन् । यसर्थ बाल बिवाह रोकथामको लागि बालबालिकाहरुमा, र अभिभावकहरुमा व्यापक जनचेतना जगाउनु आबश्यक छ भने यसका साथ साथै युवाहरुमा रोजगारीको सृजना गर्नु पर्ने देखिन्छ ।

कुल उत्तरदाता (८६) मध्ये मात्र २% (२ जना) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा जनचेतना जगाउँन वडा कार्यालय पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।

सबै भन्दा बढी ५५ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ३४ प्रतिशत उत्तरहरु पुलिसमा,१७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा,५ प्रतिशत उत्तरहरु निगरानी समूहमा र १० प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ तसर्थ यि सरोकारवालाहरुसँग समन्वय गरेर काम गर्नु पर्ने तथा उहाँहरुको कार्यक्रम सँञ्चालनको दौरानमा सहभागिता सुनिश्चत गर्नु जरुरी छ।

# एकाइ १: परिचय(Introduction)

## १.१ पृष्ठभूमि

नेपालमा प्रचलित बालबिवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालबिवाहको प्रचलन बढी छ जस्मा २०–२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो बिवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा बिवाह भएको पाइन्छ । बालबिवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालबिवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालबिवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान (संविधान २०१५) ले बालबिवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालबिवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार,जोखिमपूर्ण कामबाट संरक्षणको अधिकारर उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालबिवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति२०७२ लाई अपनाएको छ, जसले बालबिवाह विरुद्ध लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले सन् २०३० सम्ममा बालबिवाह उन्मूलन गर्नेछ । यसले बालबिवाह अन्त्य गर्न बहु–क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण,बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा,बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउनेपरिवार र समुदायलाई सहभागि गर्ने,सेवाहरूमा पहुँचर कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालबिवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने जुम्लाको हिमा गाउंपालिकामा बाल बिवाह, कम उमेरमा हुने बिवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझाबहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालबिवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको दर घटाउनु रहेको छ । यो एउटा

बृहत्तर कार्यपद्धतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृद्धि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृद्धिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहनहोस ।

यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो बिवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ । यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४,८२२ बालबालिका लाभान्वित हुनेछन ।

**परियोजनाको मूख्य उद्देश्यः**
"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृद्धि ।
- बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुाको आर्थिक अभिबृद्धिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो बिवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि ।

## १.३सर्वेक्षणको उद्‌देश्य

सर्वेक्षणको समग्र उद्देश्य यस पालिकामा बालबिवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउँनु ।

- बालबिवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउँनु ।
- सर्वेक्षणको नतिजाको आधारमा बाल बिवाह**,** छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।
- सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

# एकाइ २: सर्वेक्षण क्षेत्र र विधि(Methodology)

## २.१ गाउँपालिकाको पृष्ठभुमि

हिमा गाउँपालिका नेपालको स्थानीय सरकारको रुपमा सन् २०१७ (२०७३) मा साबिकका कालिकाखेतु, बड्की र महाबाईपाथर खोला गाउँ विकास समितिहरू मिलेर स्थापना भएको हो । हिमा गाउँपालिकाको सदरमुकाम नेपालको कर्णाली प्रदेशको जुम्ला जिल्लाको कालिकाखेतुमा अवस्थित छ। हिमा गाउँपालिकालाई पूर्वमा तिला गाउँपालिका र पश्चिममा कालिकोट जिल्ला, उत्तरमा सिञ्जा गाउँपालिका र दक्षिणमा कालिकोट जिल्लाले घेरेको छ ।हिमा गाउँपालिकाको कुल क्षेत्रफल १३२.३२ वर्ग किलोमिटर (५१.०९ वर्ग माइल) छ। यस गाउँपालिकाको घनत्व 83/km2 (210/sq mi) छ। यस गाउँपालिकालाई ७ वडामा विभाजन गरिएको छ । जनगणना २०७८ अनुसार यस गाउंपालिकामा २१०४ घरपरिवारमा कुल जनसंख्या १२,८०४ (पुरुष ६,३८८ र ६,४१६ महिला) रहेको छ ।

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको बेनामि मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण  गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो ।कालिकोटको रास्कोटा, सान्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउँपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो।

यो सर्बेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२०७९मसिर२७देखि २०८०मसिर २६सम्मको एक वर्ष भित्र बिवाहभएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोटगरिएको थियो। हिमा पालिकाबाट सबै वडाहरू चयन गरिएको थियोर कुल मिलाएर, ८६ (महिला ५६ र पुरुष ३०) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो। समुदायमा गणकहरुले बिवाह भएको घर पत्ता लगाउँन स्नोबल नमूना प्रविधिप्रयोग गरिएको थियो । गणकहरूले बिवाहभएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिईसो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो बिवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

| वडा न | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | १२ | ८०% | ३ | २०% | १५ |
| २ | ६ | ७५% | २ | २५% | ८ |
| ३ | २० | ६५% | ११ | ३५% | ३१ |
| ४ | ३ | ५०% | ३ | ५०% | ६ |
| ५ | ४ | ३६% | ७ | ६४% | ११ |
| ६ | २ | ६७% | १ | ३३% | ३ |
| ७ | ९ | ७५% | ३ | २५% | १२ |
| | ५६ | ६५% | ३० | ३५% | ८६ |

समग्रमा, ६५ प्रतिशत महिला र ३५ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए ।




जहाँ ९० प्रतिशत ब्राह्मण/क्षेत्री,१० प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो ।



### उमेरगत रुपमा सहभागिता




यसरीनै उमेरगत रुपमा, ५२ प्रतिशत उत्तरदाता ४१-६० वर्ष उमेर समूहका, ३७ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ७ प्रतिशत उत्तरदाता ६१ वर्ष वा सो भन्दा माथिका र ३ प्रतिशत उत्तरदाता २० वर्ष मुनिकाले सहभागिता थिए।

## २.४तथ्याङ्क सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टूलबक्स (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि नि:शुल्क र खुला स्रोत सफ्टवेयरकोबो टूलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो। यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो।

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो।उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो। प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउँपालिका/नगरपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए। गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो।अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६तथ्याङ्कगुणस्तर, तथ्याङ्कव्यवस्थापन र तथ्याङ्कविश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो। समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो। परियोजना स्थानहरूमा तथ्याङ्क सङ्कलन लगि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।

तथ्याङ्क सङ्कलन पश्चात सम्बन्धित साझेदार सँघसस्थाहरुका कर्मचारीहरुलाई तथ्याङ्क चेक जाँच र समिक्षाको लागि पठाईएको थियो र उहाँहरुबाट चेक जाँच र समिक्षा तथा रुजु गरी ठिक छ भने पछिमात्र तथ्याङ्क बिश्लेषण गरीएको थियो ।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो ।वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

## २.७अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ।
अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन्।
अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले बालबिवाहको न्यूनिकरणमा योगदान पुऱ्याएको हुनसक्छ।

# एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु(Data Analysis and Findings)

## ३.१बिवाह गर्ने कानुनी उमेर बारे जानकारी

तालिका १: बिवाह गर्ने कानूनी उमेरको बारेमाजानकारी

| वडानम्बर | छ | % | छैन | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४ | २७% | ११ | ७३% | १५ |
| २ | १ | १३% | ७ | ८८% | ८ |
| ३ | १२ | ३९% | १९ | ६१% | ३१ |
| ४ | ५ | ८३% | १ | १७% | ६ |
| ५ | १ | ९% | १० | ९१% | ११ |
| ६ | ० | ०% | ३ | १००% | ३ |
| ७ | १२ | १००% | ० | ०% | १२ |
| जम्मा | ३५ | ४१% | ५१ | ५९% | ८६ |

यो अध्ययनमा सहभागि भएका ८६ घरपरिवार मध्य समग्रमा ४१ प्रतिशत सहभागिलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा सबै भन्दा बढी वडा नम्बर ७(१०० प्रतिशत), वडा नम्बर ४(८३ प्रतिशत)र वडा नम्बर ३(३९ प्रतिशत)का सहभागिलाई थाहभएको पाईयो । वडागत हिसाबले हेर्दा वडा नम्बर ६,५ र २ का सहभागिहरुलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा कम जानकारी भएको पाईयो ।

**तालिका २: लैङ्गिक अनुसार बिवाह गर्ने कानूनीउमेरको बारेमा ज्ञान**

| वडा नम्बर | ज्ञान भएको | | | | | | ज्ञान नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ३ | २०% | १ | ७% | ४ | २७% | ९ | ६०% | २ | १३% | ११ | ७३% | १५ |
| २ | १ | १३% | ० | ०% | १ | १३% | ५ | ६३% | २ | २५% | ७ | ८८% | ८ |
| ३ | ५ | १६% | ७ | २३% | १२ | ३९% | १५ | ४८% | ४ | १३% | १९ | ६१% | ३१ |
| ४ | ३ | ५०% | २ | ३३% | ५ | ८३% | ० | ०% | १ | १७% | १ | १७% | ६ |
| ५ | ० | ०% | १ | ९% | १ | ९% | ४ | ३६% | ६ | ५५% | १० | ९१% | ११ |
| ६ | ० | ०% | ० | ०% | ० | ०% | २ | ६७% | १ | ३३% | ३ | १००% | ३ |
| ७ | ९ | ७५% | ३ | २५% | १२ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १२ |
| जम्मा | २१ | २४% | १४ | १६% | ३५ | ४१% | ३५ | ४१% | १६ | १९% | ५१ | ५९% | ८६ |

समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका (४१प्रतिशत)मध्ये २४.५ प्रतिशत महिला तथा १६.५ प्रतिशत पुरुषहरुलाई मात्र बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण तालिका नम्बर २ मा प्रश्तुत गरीएको छ ।

### ३.२बालबिवाह

### ३.२.१ पालिकामा बालबिवाहको अवस्था




यस पालिकाको विगत चार बर्षको तथ्याङ्क विश्लेषण गरी हेर्दा सन् २०२० मा ७६ प्रतिशत, सन् २०२१ मा ७० प्रतिशत, सन् २०२२ मा २५ प्रतिशत बाल बिवाहको दर रहेकोमा हाल सन् २०२३ मा २२ प्रतिशतमा झरेको पाईयो जुन अझै बाल बिवाह मुक्त घोषणा गर्न तोकेको दर भन्दा बढी नै हो ।तरबाल बिवाह को दर सन् २०२० को तुलनामा उल्लेख्य रुपमा घटेको पाईएको छ ।

**तालिका ३: वडागत अनुसार बिवाहको विवरण**

| वडा नम्बर | १८ बर्ष मुनि | % | १८ देखि १९ बर्ष | % | जम्मा बालविवाह | % | २० बर्ष माथि | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ०% | २ | ८% | २ | ८% | २३ | ९२% | २५ |
| २ | ० | ०% | १ | ७% | १ | ७% | १४ | ९३% | १५ |
| ३ | ५ | ८% | १ | २% | ६ | १०% | ५४ | ९०% | ६० |
| ४ | ० | ०% | ४ | ३३% | ४ | ३३% | ८ | ६७% | १२ |
| ५ | ४ | १८% | ६ | २७% | १० | ४५% | १२ | ५५% | २२ |
| ६ | २ | ५०% | २ | ५०% | ४ | १००% | ० | ०% | ४ |
| ७ | ० | ०% | ८ | ३३% | ८ | ३३% | १६ | ६७% | २४ |
| **जम्मा** | ११ | ७% | २४ | १५% | ३५ | २२% | १२७ | ७८% | १६२ |

सन् २०२३ मा ७ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने १५ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ । समग्रमा २२ प्रतिशलको बाल विवाह भएको देखिन्छ ।वडागत रुपमा विष्तृत विवरण तालिका ३ मा दिईएको छ ।

**तालिका ४: वडागत अनुसार बाल बिवाहको ४ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२० | | | सन् २०२१ | | | सन् २०२२ | | | सन् २०२३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | १५६ | १२६ | ७६ | ६६ | ३७ | ५६ | ११ | ० | ० | २५ | २ | ८ |
| वडा न-२ | १०२ | ९५ | ८१ | १६ | १० | ६३ | ११ | ६ | ५५ | १५ | १ | ७ |
| वडा न-३ | ११७ | १०३ | ९३ | ३१ | २६ | ८४ | २३ | ३ | १३ | ६० | ६ | १० |
| वडा न-४ | ९७ | ३२ | ८८ | २६ | २१ | ८१ | ३४ | ३ | ९ | १२ | ४ | ३३ |
| वडा न-५ | १०० | ९५ | ३३ | १९ | १६ | ८४ | ७ | १ | १४ | २२ | १० | ४५ |
| वडा न-६ | ९७ | ६३ | ९५ | १९ | ११ | ५८ | ३२ | १३ | ४१ | ४ | ४ | १०० |
| वडा न-७ | १०० | ६९ | ६५ | १७ | १५ | ८८ | २६ | १० | ३८ | २४ | ८ | ३३ |
| जम्मा | ७६९ | ५८३ | ७६ | १९४ | १३६ | ७० | १४४ | ३६ | २५ | १६२ | ३५ | २२ |

यस पालिकामा सन् २०२३ को एक वर्षमा १६२ जनाको बिवाह भएका थियो भने जसमा ३५ बालबिवाह वा छिटो बिवाहमा पर्दछन् जुन जम्मा बिवाहको २२ प्रतिशत हुन आउँछ भने सन् २०२२ मा २५ प्रतिशत,सन् २०२१ मा ७० प्रतिशत र सन् २०२० मा ७६ प्रतिशत थियो । सन् २०२३ वडा नं६, ५, ४ र ७ मा बालबिवाह वा छिटो बिवाह वढि छ भने वडा नं १,२ र ३ मा कम छ । तालिका ४ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

गत ४ बर्षको वडागत अनुसार वाल विवाहको तुलनात्मक प्रतिशत




यस पालिकाको वडा नम्बर ४, ५ र ६ मा अघिल्लो बर्षको तुलनामा बालबिवाह वा छिटो बिवाहउल्लेख्य बढेको देखिन्छ । यो बर्ष वडा नम्बर २, ३ र ७ मा अघिल्लो बर्ष भन्दा बाल विवाह कम भएको पाईयो ।

**तालिका ५: सन् २०२३ मा लैङ्गिक तथा वडागत बाल बिवाहको विवरण**

| वडा न | १८ बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | १८ देखि १९ बर्ष मा भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | १ | ४% | १ | ४% | २ | ८% | २५ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | १ | ७% | ० | ०% | १ | ७% | १५ |
| वडा न-३ | ५ | ८% | ० | ०% | ५ | ८% | १ | २% | ० | ०% | १ | २% | ६० |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ३ | २५% | १ | ८% | ४ | ३३% | १२ |
| वडा न-५ | २ | ९% | २ | ९% | ४ | १८% | ४ | १८% | २ | ९% | ६ | २७% | २२ |
| वडा न-६ | १ | २५% | १ | २५% | २ | ५०% | २ | ५०% | ० | ०% | २ | ५०% | ४ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ६ | २५% | २ | ८% | ८ | ३३% | २४ |
| जम्मा | ८ | ५% | ३ | २% | ११ | ७% | १८ | ११% | ६ | ४% | २४ | १५% | १६२ |

जम्मा बिवाह भएको मध्ये ५ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने ११ प्रतिशत महिलाहरुको र ४ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो ।

**तालिका ६: सन् २०२३ मा लैङ्गिक तथा वडागत बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | १ | ४% | १ | ४% | २ | ८% | १४ | ५६% | ९ | ३६% | २३ | ९२% | २५ |
| वडा न-२ | १ | ७% | ० | ०% | १ | ७% | ७ | ४७% | ७ | ४७% | १४ | ९३% | १५ |
| वडा न-३ | ६ | १०% | ० | ०% | ६ | १०% | ३० | ५०% | २४ | ४०% | ५४ | ९०% | ६० |
| वडा न-४ | ३ | २५% | १ | ८% | ४ | ३३% | ३ | २५% | ५ | ४२% | ८ | ६७% | १२ |
| वडा न-५ | ६ | २७% | ४ | १८% | १० | ४५% | ५ | २३% | ७ | ३२% | १२ | ५५% | २२ |
| वडा न-६ | ३ | ७५% | १ | २५% | ४ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ४ |
| वडा न-७ | ६ | २५% | २ | ८% | ८ | ३३% | ६ | २५% | १० | ४२% | १६ | ६७% | २४ |
| जम्मा | २६ | १६% | ९ | ६% | ३५ | २२% | ६५ | ४०% | ६२ | ३८% | १२७ | ७८% | १६२ |

सन् २०२३ मा बाल बिवाह भएको मध्ये सबै भन्दा बढी वडा नम्बर ६ मा ७५ प्रतिशत र सबैभन्दा कम वडा नम्बर १ मा ४ प्रतिशत महिलाहरुको बाल बिवाह भएको पाईयो भने पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर ६ मा २५ प्रतिशत र सबै भन्दा कम वडा नम्बर २ र ३ मा ० प्रतिशत बाल बिवाह भएको पाईयो ।

**तालिका ७: सन् २०२३ मा जातिगततथा वडागत बाल बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहमण | % | दलित | % | जम्मा | % | ब्राहमण | % | दलित | % | जम्मा | % | |
| वडा न-१ | [illegible] | ८% | ० | ०% | २ | ८% | [illegible] | ९२% | ० | ०% | २३ | ९२% | २५ |
| वडा न-२ | १ | ७% | ० | ०% | १ | ७% | १४ | ९३% | ० | ०% | १४ | ९३% | १५ |
| वडा न-३ | ६ | १०% | ० | ०% | ६ | १०% | ५४ | ९०% | ० | ०% | ५४ | ९०% | ६० |
| वडा न-४ | ३ | २५% | १ | ८% | ४ | ३३% | ७ | ५८% | १ | ८% | ८ | ६७% | १२ |
| वडा न-५ | ६ | २७% | ४ | १८% | १० | ४५% | १२ | ५५% | ० | ०% | १२ | ५५% | २२ |
| वडा न-६ | ४ | १००% | ० | ०% | ४ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ४ |
| वडा न-७ | ३ | १३% | ५ | २१% | ८ | ३३% | ९ | ३८% | ७ | २९% | १६ | ६७% | २४ |
| जम्मा | २५ | १५% | १० | ६% | ३५ | २२% | ११९ | ७३% | ८ | ५% | १२७ | ७८% | १६२ |

यस पालिकाको जातिगत रुपमा तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी १५.५ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो भने ६.५ प्रतिशत दलित समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नम्बर ७ मा २१ प्रतिशत र वडा नम्बर ५ मा १८ प्रतिशत दलित समुदायमा बाल बिवाह को चलन रहेको देखियो । त्यसरी नै ब्राम्हण क्षत्री समुदायको सन्दर्भमा हेर्नेहो भने सबै भन्दा बढी वडा नम्बर ६ मा १०० प्रतिशत, वडा नम्बर ५ मा २७ प्रतिशत र वडा नम्बर ४ मा २५ प्रतिशत बाल बिवाह को चलन रहेको देखियो ।

### ३.२.२ बिवाहको प्रकार

**तालिका ८: सन् २०२३ मा भएको बिवाहको प्रकार तथा वडागत बिवाहकोविवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावक लेगरी दिएको बिवाह | % | आफै ले गरेको बिवाह | % | जम्मा | % | अभिभावकले गरी दिएको बिवाह | % | आफै ले गरेको बिवाह | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | २ | ८% | २ | ८% | ० | ०% | २३ | ९२% | २३ | ९२% | २५ |
| वडा न-२ | ० | ०% | १ | ७% | १ | ७% | ० | ०% | १४ | ९३% | १४ | ९३% | १५ |
| वडा न-३ | ० | ०% | ६ | १०% | ६ | १०% | ० | ०% | ५४ | ९०% | ५४ | ९०% | ६० |
| वडा न-४ | ० | ०% | ४ | ३३% | ४ | ३३% | ० | ०% | ८ | ६७% | ८ | ६७% | १२ |
| वडा न-५ | ० | ०% | १० | ४५% | १० | ४५% | ० | ०% | १२ | ५५% | १२ | ५५% | २२ |
| वडा न-६ | ० | ०% | ४ | १००% | ४ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ४ |
| वडा न-७ | ० | ०% | ८ | ३३% | ८ | ३३% | ० | ०% | १६ | ६७% | १६ | ६७% | २४ |
| **जम्मा** | ० | ०% | ३५ | २२% | ३५ | २२% | ० | ०% | १२७ | ७८% | १२७ | ७८% | १६२ |

सन् २०२३ अवधिमा यस पालिकामा जम्मा भएको बिवाह मध्ये सबै२२(१६२ मध्ये ३५) प्रतिशत बाल बिवाह सबै नै आफैले बिवाह गरेको पाईयो भने २० बर्ष पारी गरेको बिवाह पनि सबै ७८ प्रतिशत नै आफैले बिवाह गरेको तथ्याङ्कले देखाउछ ।यसरीनै बाल बिवाहको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ६ मा १०० प्रतिशत, वडा नम्बर ५ मा ४५ प्रतिशत र वडा नम्बर ६ र ७ मा ३३ प्रतिशत आफैबिवाह गर्ने चलन रहेको देखियो ।

**तालिका ९: सन् २०२३ मा बाल बिवाहको प्रकार, लैङ्गिक तथा वडागतअनुसार बिवाहको विवरण**

| वडा न | अभिभावकले गरिदीएको बिवाह | | | | | | आफैले विवाह गरेका | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | १ | ५०% | १ | ५०% | २ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | १ | १००% | ० | ०% | १ |
| वडा न-३ | ० | ०% | ० | ०% | ० | ०% | ६ | १००% | ० | ०% | ६ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ३ | ७५% | १ | २५% | ४ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ६ | ६०% | ४ | ४०% | १० |
| वडा न-६ | ० | ०% | ० | ०% | ० | ०% | ३ | ७५% | १ | २५% | ४ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ६ | ७५% | २ | २५% | ८ |
| जम्मा | ० | ०% | ० | ०% | ० | ०% | २६ | ७४% | ९ | २६% | ३५ |

सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये १००प्रतिशत नै आफैले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह र छीटो बिवाह गरी दिएको घटना पाईएन । बाल बिवाह र छीटो बिवाह मध्ये ७४ प्रतिशत महिलाको र बाँकि२६ प्रतिशत पुरुषहरुले आफै बिवाह गरेको पाईयो । आफैले बिवाह गरेको बाल बिवाह को महिलाको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ३र २ मा १०० प्रतिशतआफैबिवाह गर्ने चलन रहेको देखियो । त्यसरीनै पुरुषको हकमा आफैले बिवाहबाल बिवाह गरेको सबै भन्दा बढी वडा नम्बर १ मा ५० प्रतिशत र वडा नम्बर ५ मा ४० प्रतिशतले आफै बिवाह गर्ने चलन रहेको देखियो । यसरी समग्रमा जुम्ला जिल्लाको हिमा पालिकामा पुरुषहरुको तुलनामा महिलाहरुले आफै बाल बिवाह गर्ने चलन रहेको पाईयो ।

### ३.२.३ बिवाह दर्ताको चलन

**तालिका१०: सन् २०२३ मा २० पारी भएको लैङ्गिक बिवाह दर्ता विवरण**

| वडा न | | भएको | % | नभएको | % | जम्मा |
|---|---|---|---|---|---|---|
| वडा न-१ | | २ | ९% | २१ | ९१% | २३ |
| वडा न-२ | | १ | ७% | १३ | ९३% | १४ |
| वडा न-३ | | ७ | १३% | ४७ | ८७% | ५४ |
| वडा न-४ | | ८ | १००% | ० | ०% | ८ |
| वडा न-५ | | १ | ८% | ११ | ९२% | १२ |
| वडा न-६ | | ० | ०% | ० | ०% | ० |
| वडा न-७ | | १६ | १००% | ० | ०% | १६ |
| | जम्मा | ३५ | २८% | ९२ | ७२% | १२७ |

२० वर्ष उमेर पछिबिवाह भएको (१२७) मध्ये जम्मा २८ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जस्मा सबै भन्दा बढी वडा नम्बर ७ मा १०० प्रतिशत, वडा नम्बर ८ मा १०० प्रतिशत र वडा नम्बर ३ मा १३ प्रतिशत रहको पाईयो । वडा नम्बर ६, २ र ५वडा हरुमा बिवाह भए पछि बिवाह दर्ता नगर्ने चलन कम रहेको देखियो ।

**तालिका ११: सन् २०२३ मा २० पारी भएको लैङ्गिक बिवाह दर्ता विवरण**

| वडान | बिवाह दर्ता भएको | | | | | | बिवाह दर्ता नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | % | महिला | % | जम्मा | % | पुरुष | % | महिला | % | जम्मा | % | |
| वडा न-१ | १ | ४% | १ | ४% | २ | ९% | ८ | ३५% | १३ | ५७% | २१ | ९१% | २३ |
| वडा न-२ | १ | ७% | ० | ०% | १ | ७% | ६ | ४३% | ७ | ५०% | १३ | ९३% | १४ |
| वडा न-३ | ३ | ६% | ४ | ७% | ७ | १३% | २१ | ३९% | २६ | ४८% | ४७ | ८७% | ५४ |
